नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,

यातायात व्यवस्था विभाग
सरुवा तथा पदस्थापना तथा काज सम्बन्धि मापदण्ड, २०७१

यातायात व्यवस्था विभाग र अन्तरगतका कार्यालयहरुमा कार्यरत निजामती सेवाका कर्मचारीहरुको सरुवा तथा पदस्थापनालाई व्यवस्थित, पारदर्शी, विवादरहित एवं कार्यान्वयन योग्य बनाउन निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० मा रहेको प्रावधानको अधिनमा रही निजामती सेवा नियमावली, २०५० को नियम ३६ (१५) मा व्यवस्था भए बमोजिम नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभागले यो मापदण्ड बनाई लागू गरेको छ ।

**१) सक्षिप्त नाम / प्रारम्भ :**

१) यो मापदण्डको नाम सरुवा / पदस्थापना तथा काज सम्बन्धि मापदण्ड, २०७१ रहेको छ ।

२) यो मापदण्ड २०७१ भाद्र १ गते बाट लागू हुनेछ ।

३) यो मापदण्ड यातायात व्यवस्था विभाग र विभाग अन्तरगतको कार्यालयमा कार्यरत श्रेणी विहिन कर्मचारी देखि राजपत्रांकित तृतिय श्रेणी सम्मको पदमा कार्यरत कर्मचारीहरुको सरुवा/पदस्थापना तथा काजको लागि प्रयोग हुनेछ ।

**२) परिभाषा :**

१) यस ऐन भन्नाले नियमावली सेवा ऐन, ०४९ र नियमावली भन्नाले निजामती सेवा नियमावली, २०५० सम्झनु पर्दछ ।

२) मापदण्ड भन्नाले सरुवा/पदस्थापना तथा काज सम्बन्धि मापदण्ड, २०७१ सम्झनु पर्दछ ।

**३) सरुवा/पदस्थापना वा काज (सरुवा) गर्दाको आधार :**

यातायात व्यवस्था विभाग र अन्तरगतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको सरुवा/पदस्थापना वा काजमा सरुवा गर्दा निजामती सेवा ऐन, २०४९ र नियमावली, ०५० मा उल्लेख भएको प्रावधानको अधिनमा रहि देहाय बमोजिमका आधारहरु अवलम्बन गरिने छ ।

१) सरुवा गर्दा निजामती सेवा नियमावली, २०५० नियम ३६ (१) मा उल्लेख भएको सरुवा तालिका बमोजिम सरुवा गरिने छ ।

२) नियमावलीको ३६ (१) मा उल्लेख भएको तालिका बाहेक सरुवा गर्नु पर्ने अवस्था भएमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मार्फत सामान्य प्रशासन मन्त्रालयको सहमति लिएर मात्र सरुवा गरिने छ ।

३) नियमावलीमा उल्लेखित समय तालिका अनुरुप सरुवा गर्दा फाजिलमा रहेका वा पदस्थापना नभई विभागमा रहेका  कर्मचारीहरुलाइ दरवन्दीमा सरुवा गर्ने कार्यलाई पहिलो प्राथमिकता दिइने छ ।

४) कुनै यातायात व्यवस्था कार्यालय वा सेवा कार्यालयमा एक पटक वा पटक पटक गरी २ बर्ष वा सो भन्दा बढी कार्य गरी अर्को यातायात व्यवस्था कार्यालयमा सरुवा भएको कर्मचारीलाई सोही पदमा सामान्यतया कम्तिमा ५ बर्ष सम्म पुर्व कार्यरत  कार्यालयमा सरुवा गरिने छैन ।

५) विभाग अर्न्तगत नयाँ स्थापना हुने सेवा कार्यालयमा कार्यालय प्रमुखको रुपमा यातायात व्यवस्था कार्यालयमा काम गरेको अनुभव भएको शाखा अधिकृतलाई सेवा कार्यालयको कार्यालय प्रमुखको जिम्मेवारी दिन प्राथमिकता दिईनेछ ।

६) श्रेणी विहिन र राजपत्र अनंकित कर्मचारीलाई संभव भए सम्म घर पायकको जिल्ला सरुवा गर्न प्राथमिकता दिईने छ ।

७) उमेरको कारण बाट अनिवार्य अवकास हुन १ बर्ष वा सो भन्दा कम अवधि रहेको कर्मचारीलाई निजले चाहेमा बाहेक सरुवा गरिने छैन ।

८) कुनै पनि कर्मचारी विरामी परी कार्यरत स्थानमा उपचार हुन नसक्ने भएमा निजले स्वास्थ्य उपचारको लागी पायक पर्ने स्थान सरुवा मागेमा त्यस्तो कर्मचारीलाई सरुवा गर्न प्राथमिकता दिईने छ ।

९) ऐनको दफा १८ को उपदफा ३ बमोजिम तोकिएको अवधि व्यतित गरिसकेका कर्मचारीहरुलाई निजले निवेदन नदिए पनि संगठनले आवश्यकता ठानेमा सरुवा गर्न सकिने छ । निवेदन नदिएको अवस्थामा सरुवा गर्दा सम्वन्धित निकायमा सबै भन्दा बढी अवधि कार्यरत रहेका कर्मचारीको सरुवा पहिले गर्ने नीति लिईने छ ।

१०) यातायात व्यवस्था अन्तर्गत सरुवा भई आएका कर्मचारीहरुको पदस्थापना गर्दा निजको कार्यानुभव, शैक्षिक योग्यता, निजले लिएको तालिम समेतलाई आधार बनाईने छ ।

११) विभागीय कारबाही वा छानविनको क्रममा रहेको कर्मचारीलाई विभागीय कारवाही वा छानविनमा असर पर्ने गरी सरुवा गरिने छैन ।

१२) राजपत्र अनंकित निजामती कर्मचारीलाई लोक सेवा आयोगबाट जुन अञ्चल अन्तर्गतमा सिफारीस गरेको हो सोही अञ्चल भित्रका कार्यालय बाहेक ७ वर्ष सम्म अन्यत्र सरुवा गरिने छैन ।

१३) यातायात व्यवस्था कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु (मे.ई. र मे.सु.) लाई कार्यानुभवको आधारमा नयाँ स्थापना हुने  कार्यालयमा सरुवा गर्ने नीति लिईने छ ।

१४) सरुवा गर्दा कर्मचारीको आचरण, कार्य सम्पादन स्तर, इमान्दारिता, पेशागत व्यवसायिकता आदिलाई आधार बनाईने छ ।

१५) कुनै पनि कर्मचारीको सरुवा हुदा निजले आफ्नो जिम्मामा रहेको बाँकी बक्यौता, कार्यालयको फछ्र्यौट गर्न बाँकी कार्यहरुको (प्राथमिकता स्पष्ट देखिने) विवरण र आफ्नो कार्य सम्वन्धि कामको विवरण कार्यालय प्रमुखले तोकेको निजामती कर्मचारीलाई बुभाउनु पर्नेछ । यदि कार्यालय प्रमुखको नै सरुवा भएमा माथि उल्लेखित विवरण निज भन्दा एक तह मुनिका निकटतम कर्मचारीलाई बुझाउनु पर्नेछ ।

१६)कुनै पनि कर्मचारीलाई काजमा खटाउदाँ निजामती सेवा ऐन, २०४९ र नियमावली, ०५० मा उल्लेख भए बमोजिम काजको अवधि तोकेर मात्र खटाईने छ ।

१७)काजमा खटिएको कर्मचारीलाई काजको समयावधि सकिने वित्तिकै निजलाई दरवन्दी रहेकै कायालयमा फिर्ता गर्नु पर्नेछ ।

१८) कम्प्युटर अपरेटर तथा सुचना प्रविधिसंग सम्बन्धित भई काम गर्ने कर्मचारीलाई सरुवा गर्दा सम्बन्धित कार्यालयको कार्यालय प्रमुखसंग समन्वय गरि सरुवा गरिने छ ।

१९) सरुवा / पदस्थापना तथा काजमा रहेको कर्मचारीको विवरण update गरी विभागको web site मा राखिने छ ।

२०) सरुवा तथा पदस्थापना सम्वन्धि अन्य व्यवस्था निजामती सेवा ऐन, २०४९ र नियमावली, ०५० मा तोकिए बमोजिम हुनेछ ।

२१)कुनै पनि कर्मचारी निधारीत समय भित्र सरुवा/पदस्थापना भएको कार्यालयमा हाजिर हुन नगएमा निजमती सेवा ऐन, नियमावली बमोजिम विभागीय कारवाही हुने छ ।

**४. बाँझिएमा**

यो मापदण्ड निजामती सेवा ऐन, २०४९ र नियमावली, ०५० सँग बाँझिएमा बाँझिएको हद सम्म ऐन वा नियमावली बमोजिम नै हुनेछ ।